## वैठक नं. २२

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिको वैठक आज मिति २०८३।०२।२२ गते शुक्रबार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटमा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट : अध्यक्ष

श्री बुद्धि सागर पुरी, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोटः सदस्य

श्री डा. सुनिल पुन, कार्यालय प्रमुख, स्वास्थ्य सेवा कार्यालय, जाजरकोटः सदस्य

श्री गणेशबहादुर नेपाली, नायव सुब्बा, मुद्दा शाखा, जिल्ला प्रशासन कार्यालय, जाजरकोटः सदस्य

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटः सदस्य सचिव

**आमन्त्रितः**

श्री दिपेश के.सी., डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, जाजरकोट

श्री धर्मबहादुर बुढा, तहसिलदार, जाजरकोट जिल्ला अदालत

**प्रस्तावहरु**

१) महान्यायाधिवक्ताको कार्यालयद्वारा जारी विगोको दावी, अन्तरिम राहत तथा क्षतिपूर्तीको दावी तथा साक्षी वकपत्र सम्बन्धी निर्देशन सम्बन्धमा ।

२) पीडितको संरक्षण र पुर्नस्थापना सम्बन्धमा ।

**निर्णयहरुः**

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको कर्मचारी प्रशासन शाखाको चलानी नं १९७८, मिति २०८३।१।११ को निर्देशन सम्बन्धमा

जारी गरिएको पत्रमा महान्यायाधिवक्ताको कार्यालय व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८३।१।४ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम जारी निर्देशनहरुमा निर्देशन नम्बर ४२ विगोको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा, निर्देशन नम्बर ४३ अन्तरिम राहत तथा क्षतिपूर्ती दिलाउन दावी लिने सम्बन्धमा, निर्देशन नम्बर ४४ क्षतिपूर्तिको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा र निर्देशन नम्बर ४५ साक्षी वकपत्रलाई प्रभावकारी बनाउने सम्बन्धमा छलफल गरी अनुसन्धान गर्ने निकाय र सरकारी वकील कार्यालयले मुद्दाको शुरुवात अनुसन्धान चरणदेखि नै प्रभावकारी रुपमा समन्वय गरी अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयालाई वस्तुनिष्ठ, प्रमाणमा आधारित र प्रभावकारी बनाउने निर्णय गरियो।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा यौनजन्य हिंसाका पीडित महिला र बालबालिका, मानव बेचबिखन मुद्दाका पीडित र अन्य मुद्दाका शारीरिक यातना प्राप्त पीडित उपर कसूर भएको सूचना प्राप्त हुने बित्तिकै उद्धार र पुर्नस्थापना गर्ने कार्यमा अनुसन्धान गर्ने निकायले सरकारी वकीललाई कसूरको जानकारी गराएर समन्वय गरी सरोकारवाला सरकारी र गैरसरकारी निकायहरुसँग सहयोग र समन्वय गरी पीडितको उपचार, पुर्नस्थापना र उद्धार गरी मनोसामाजिक परामर्श उपलब्ध गराउने कार्यमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । संरक्षण र पुर्नस्थापना आवश्यक पर्ने पीडित र विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाहरुको उचित संरक्षण र पुर्नस्थापनाका लागि सरकारका निकायहरुसँग अनुसन्धान गर्ने निकाय र सरकारी वकीलले जिल्ला प्रशासन कार्यालयसँग सहयोग लिएर समन्वय गरी पीडितको संरक्षण र पुर्नस्थापना सम्बन्धमा आवश्यक कार्य गर्ने निर्णय गरियो ।

२०८३।२।१२